नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक सूचना तथा व्यवस्थापन शाखा,

सानोठिमी, भक्तपुर

मिति : २०७८।०८।२६

प.स. शै.सू.व्य. २०७८/७९

च.नं. :६०

**विषय : IEMIS मा प्राविधिक धारको विद्यार्थीको विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।**

श्री प्राविधिक धार सञ्चालन गरिरहेका माध्यमिक विद्यालय

सबै

हाल देशभर माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गरिरहेका (४८४ वटा) विद्यालयले सो धारतर्फका विद्यार्थीहरुको विवरणलाई पनि साधारण धारतर्फका विद्यार्थीहरुसहित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System- IEMIS) मा इन्ट्री गरी online मा अपलोड गर्ने गरेकोमा सोबाट प्राविधिक धारमा मात्र अध्ययन गर्ने विद्यार्थी संख्या पहिचान गरी स्रोत व्यवस्थापनमा कठिनाइ भएको हुँदा शैक्षिक सत्र २०७८ देखि विद्यालय स्वयंले online IEMIS मार्फत प्राविधिक धारतर्फका विद्यार्थीहरुको विवरण अध्यावधिक गर्न सक्ने व्यवस्था गरिएको छ । तसर्थ तपसिल अनुसार online IEMIS Log in गरी विद्यार्थीहरुको विवरण अध्यावधिक गर्नु गराउनु हुन अनुरोध छ ।अन्यथा विद्यार्थी संख्याका आधारमा विद्यालयले पाउने अनुदान प्राप्त गर्न नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**<u>विद्यार्थी विवरण अध्यावधिक गर्ने प्रक्रिया</u>**

१. विद्यालयको IEMIS कोड र पासवोर्ड राखेर iemis.doe.gov.np मा Log in गर्ने ।

२. देब्रे भागमा भएको Flags मा Student Flag मा Assign School मा जाने ।

३. कक्षा छान्ने, आफ्नो विद्यालयमा भएको प्राविधिक धारको विषय, छान्ने र यसरी छान्दा एक भन्दा बढी विषय पनि छान्न सकिने ।सो कक्षामा भएका विद्यार्थीहरुलाई प्राविधिक धार अनुसार रेजा लगाउने ।

४. अन्तिममा भएको Submit बटन क्लिक गर्ने ।

५. यी जानकारीहरुलाई सुरक्षित राख्न विद्यालयले आफ्नो पासवोर्ड नियमित रुपमा परिवर्तन गर्ने ।

पुनश्चः हाल संघीय सरकारको सशर्त अनुदानबाट सुविधा प्राप्त गरिरहेका विद्यालयहरुलाई मात्र विवरण अद्यावधिक गर्न पाउने प्रावधान राखिएको छ । स्थानीय तहबाट अनुमति प्राप्त गरी सञ्चालन भै रहेका (४८४ भित्र नपर्ने) विद्यालयहरुले अनुमति पत्रको स्क्यान कपि सहितको जानकारी iemis@cehrd.gov.np मा उपलब्ध गराएपछि विवरण अद्यावधिक गर्ने सुविधा उपलब्ध गराइने छ ।

२०७८/०८/२६

रामचन्द्र शर्मा

निर्देशक

**बोधार्थः**

श्री स्थानीय तह (प्राविधिक धार सञ्चालन गर्ने विद्यालय रहेका): यस कार्यमा विद्यालयहरुलाई सहजीकरण गरिदिनु हुन अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): यस कार्य सम्पादनका लागि स्थानीय तहसँग समन्वय गर्नु हुन ।